केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१७/०७४/७५ मिति: २०७४/११/२८

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७४ को विभिन्न इ.प्रा. निर्देशनहरुमा देहाय बमोजिमको संशोधन/नयाँ व्यवस्था थप गरिएको हुँदा सोही बमोजिम गर्न/गराउन हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ :

१. इ.प्रा. निर्देशन नं.५/०७४ को बुँदा नं. ६ को उपबुँदा ७ लाई २०७४ फागुन १ गते देखि लागु हुने गरी देहाय बमोजिम संशोधन गरिएको छ ।

(६) कर्जा/स्रोत परिचालन अनुपात (CCD Ratio) को अनुगमन तथा हर्जाना सम्बन्धी व्यवस्था :

(क) कर्जा/स्रोत परिचालन अनुपात CCD Ratio को अनुगमन दैनिक रुपमा गरिनेछ ।

(ख) मासिक औसत आधारमा त्यस्तो अनुपात नाघेमा हर्जाना लगाइनेछ ।

(ग) प्रत्येक महिनाको १ गतेदेखि मसान्तसम्मको प्रत्येक कार्यदिन (सार्वजनिक विदा वाहेक) को आधारमा मासिक औसत अनुपात निर्धारण गरिनेछ ।

(घ) तोकिएको सीमा नाघेको हकमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९९ अनुसार हर्जाना लगाइनेछ । यसरी हर्जाना लगाउदा हर्जाना रकम निम्नानुसार निर्धारण गरिनेछ ।

$$\frac{(\text{प्रत्येक महिनाको मासिक औसत कर्जा बक्यौता रकम} - \text{८० प्रतिशतले कायम हुने मासिक औसत रकम}) \times \text{बैंक दर}}{\text{१००} \times \text{१२}}$$

***स्पष्टीकरण :***

*यस व्यवस्थाको प्रयोजनको लागि CCD Ratio गणना गर्दा प्राथमिक पुँजीको हकमा अघिल्लो त्रयमासमा कायम भएको प्राथमिक पुँजीलाई एवम् कर्जा तथा सापट र स्वदेशी निक्षेपको हकमा सोही दिनको रकमलाई लिनु पर्नेछ । तर, त्रयमास समाप्त भएपछि हकप्रद शेयर एवम् FPO को बाँडफाँड भई सो वापतको पैसा प्राप्त भई पूँजी वृद्धि हुन गएमा प्राथमिक पूँजी गणना प्रयोजनको लागि सो समेत समावेश गर्न सकिने छ ।*

२. इ.प्रा. निर्देशन नं.१४ को बुदा नं. १ को खण्ड (क) को प्रतिवन्धात्मक वाक्यांशमा रहेको *"काठमाण्डौ उपत्यका, महानगरपालिका, उपमहानगरपालिका वा नगरपालिकाका केन्द्र"* भन्ने वाक्यांशको सट्टा *"महानगरपालिका र उपमहानगरपालिका तथा नगरपालिकाका केन्द्र"* राखिएको छ । साथै, बुदा नं. १ को खण्ड (ठ) मा रहेको *"संघीय संरचना अनुसार तय भएका ७४४ स्थानीय तहमध्ये"* भन्ने वाक्यांशको सट्टा *"संघीय संरचना अनुसार तय भएका ७५३ स्थानीय तहमध्ये"* राखी खण्ड (ठ) को उपखण्ड (३) पछाडि देहाय बमोजिमको उपखण्ड (४) थप गरिएको छ ।

(४) यस बैंक समक्ष तोकिएका स्थानीय तहमा शाखा स्थापना गर्ने प्रतिबद्धता व्यक्त गरेका वाणिज्य

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

बैंकहरुले न्यूनतम् पूर्वाधार पुगेका स्थानहरुमा चालु आर्थिक वर्ष भित्रै शाखा कार्यालय स्थापना गरिसक्नु पर्नेछ । स्थानीय तहमध्ये बैंकिङ्ग सुविधा नपुगेका र २०७४ पुष मसान्तसम्ममा वाणिज्य बैंकहरुबाट शाखा कार्यालय खोल्ने प्रतिबद्धता समेत प्राप्त हुन बाँकी रहेका स्थानीय तहमध्ये कुनै दुई तहमा शाखा कार्यालय खोलेमा मात्र वाणिज्य बैंकहरुलाई काठमाडौं महानगरपालिका तथा ललितपुर महानगरपालिकाभित्र एउटा शाखा कार्यालय खोल्न स्वीकृति प्रदान गरिनेछ ।

३. इ.प्रा. निर्देशन नं.१५/०७४ को बुदा नं. १ को उपबुँदा नं. ४ मा देहाय बमोजिमको खण्ड (इ) थप गरिएको छ ।

(इ) २०७५ असोज मसान्त पश्चात आर्थिक वर्षको कुनै समयमा औसत व्याजदर अन्तर ५ प्रतिशत भन्दा बढी हुने "क", "ख" र "ग" वर्गका ईजाजतपत्रप्राप्त संस्थाहरुलाई देहाय बमोजिमको सबै कारवाही हुनेछ :

१. वाणिज्य बैंकको शाखा कार्यालय नभएका स्थानीय तह वाहेकका स्थानमा शाखा विस्तार गर्न रोक लगाउने,

२. भूकम्प पीडितलाई प्रदान गरिने वाहेकका पुनरकर्जा सुविधा प्रदान नगर्ने र

३. सो आर्थिक वर्षको वोनस सेयरको कर प्रयोजन बाहेकका नगद लाभांश घोषणा तथा वितरण गर्न रोक लगाउने ।

४. इ.प्रा. निर्देशन नं.२३/०७४ को बुदा नं. ४ को उपबुँदा नं. १ लाई देहाय बमोजिम संशोधन गरिएको छ ।

(१) बैंक तथा वित्तीय संस्थाहरुको वर्गीकरण र न्युनतम चुक्ता पूँजी सम्बन्धी व्यवस्था :

| वर्ग | राष्ट्रियस्तर | ३ वटा प्रदेश सम्मका १० वटासम्म जिल्ला* | ३ वटा प्रदेश सम्मका ५ वटासम्म जिल्ला* |
|---|---|---|---|
| "क" | रु. ८०० करोड | - | - |
| "ख" | रु. २५० करोड | रु. १२० करोड | रु. ५० करोड |
| "ग" | रु.८० करोड | रु. ८० करोड | रु. ४० करोड |

* *काठमाडौं उपत्यका बाहेक । यस्ता वित्तीय संस्थाहरुको कार्य क्षेत्र/परियोजना तोकिएका प्रदेश अन्तर्गका तोकिएका जिल्लामा सीमित रहने ।*

भवदीय

(नारायण प्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(११) श्री नेपाल राष्ट्र बैंक, समस्याग्रस्त संस्था रिजोलुशन महाशाखा ।
(१२) श्री नेपाल बैंकर्स संघ ।
(१३) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन ।
(१४) श्री नेपाल वित्तीय संस्था संघ ।
(१५) श्री नेपाल क्लियरिङ्ग हाउस लिमिटेड, कमलादी, काठमाडौं ।